# आ.व. २०८२/०८३ को

# नीति तथा कार्यक्रम

**स्वामीकार्तिक खापर गाउँपालिका**

**बाजुरा जिल्ला**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**मिति : २०८२/०३/१०**

**स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम, आर्थिक वर्ष २०८२/०८३**

**गाउँसभा सदस्य ज्यूहरू,**

आज यस स्वामीकार्तिक खापर गाउँपालिकाको गरिमामय गाउँसभाको १६ औं अधिवेशनमा उपस्थित भएका छौं। गाउँपालिकाको यस विशेष अवसरमा यहाँहरु सम्पूर्ण सदस्य ज्यू लगायत उपस्थित महानुभावहरुका साथै आम गाउँवासीहरूलाई हार्दिक स्वागत गर्दछु। गाउँसभाको १६ औं अधिवेशनमा उपस्थित हुंदै गर्दा यस ऐतिहासिक अवसरमा मुलुकको राष्ट्रिय एकता, भौगोलिक अखण्डता राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली नागरिकले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र वलिदानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अग्रज एवं सहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई उच्च सम्मान गर्न चाहन्छु। नेपालका अग्रज नेताहरूको योगदानलाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु। यस गाउँपालिकाका पूर्व उपाध्यक्ष **स्व.मैना जोशी र** पूर्व कार्यपालिका सदस्य **स्व. विरही वि.क.** को स्मरण गर्दै, उहाँले पुर्याएको विकासको योगदानलाई सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। यस स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा आफ्नो अमूल्य योगदान पुर्याउनु हुने सम्पूर्ण आदरणीय अग्रजलाई यस गरिमामय सभाबाट स्मरण गर्न चाहन्छु।

**गाउँसभा सदस्य ज्यूहरु,**

गाउँपालिकाको आगामी आ.व. **२०८२/०८३** को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, संविधानको निर्देशक सिद्धान्त एवं नीतिहरु, नेपाल सरकारको आवधिक योजना, क्षेत्रगत नीतिहरु, वार्षिक बजेट, प्रदेश स्तरीय नीति एवं कानून, नागरिकका मौलिक हक, अन्तर्राष्ट्रिय कानून, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धता, दिगो विकास लक्ष्य, हामीले जनतामाझ गरेका प्रतिवद्धता र नागरिकका अपेक्षा एवं मागहरुलाई आधार लिइएकोछ। स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाले बनाएका ऐन, कानुन, कार्यविधि, निर्देशिका र गाउँपालिकाको सोच **"उद्यमशीलता, शिक्षा, स्वास्थ्य, रोजगार ! पर्यटन, कृषि र खेलकुद सहित समृद्ध स्वामीकार्तिक खापरको आधार !!"** उपरोक्त सोचले उद्यमशीलता, शिक्षा, स्वास्थ्य, रोजगार, पर्यटन, कृषि र खेलकुदलाई समृद्धिको मुख्य आधारका रूपमा लिएको छ। स्थानीय स्रोत साधानको उपयोग मार्फत स्थानीय उत्पादनलाई जोड दिँदै समृद्ध गाउँपालिका बनाउने दीर्घकालीन सोचलाई साकार बनाउँदै स्थानीय सरकार प्रति जन–विश्वास अभिवृद्धि गर्दै समृद्धिको दिशामा अघि बढ्ने यस नीतिको प्रमुख उद्देश्य रहेको जानकारी गराउन चाहन्छु।। हाल विश्व राजनीतिक परिघटना र प्राकृतिक विपत्ति जस्ता चुनौती सँग जुध्दै समग्र विकासलाई माथि उठाउने लक्ष्यका साथ नीति तथा कार्यक्रम तयार गरेको छु।

**रायहरू**

यस पालिकाको भावी स्वरुप कस्तो हुने भन्ने विषयमा विभिन्न प्रबुद्ध व्यक्ति, विज्ञ, नव प्रतिभा तथा योजनाकारहरूको सुझाव संकलन गरी गाउँपालिकामा योजना बैंक, डाटा बैंक र ज्ञान बैंकको स्थापना गरी विकासका सबै क्षेत्रमा प्रयोग गरिनेछ।

**गाउँसभाका सदस्यहरु,**

आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा हार्दिक गौरवान्वित छौं । यस वर्षको नीतिले **"व्यवसायिक कृषि, सामाजिक न्याय र भौतिक पूर्वाधार"** माथि केन्द्रित गर्दै आर्थिक पुनरुत्थानको रणनीति अँगालेको छ । गत वर्षको उपलब्धिहरूलाई मजबुत पार्ने र नयाँ चुनौतीहरूसँग सामना गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अब म यस गाउँपालिकामा विगतमा भएका प्रमुख उपलब्धीहरुलाई संक्षिप्त रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

- शिक्षा क्षेत्रको सुधारका निम्ति यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूले झेल्दै आएको दरबन्दी अभावलाई समाधान गर्नका निम्ति गाउँपालिका अनुदान शिक्षकको व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने प्रयास गर्दा चालु आ.व.को नीति कार्यान्वयनबाट प्रादेशिक रुपमा प्रसंशा पाएको ।
- स्वामीकार्तिक खापर गाउँपालिक अन्तर्गत गौरब आयोजनाको रुपमा रहेको गाउँपालिका केन्द्र देखि फयालगाउँ सम्म सडक खण्डको रातापाखा रुडी सडकको ४ कि.मि. ट्र्याक द्रुतगतिमा खोलि सडक संजाल बिस्तार गरिएको छ ।
- सेवा प्रवाह, वित्तीय नियन्त्रण र सुशासनको सूचकहरु पुरा गर्दै गाउँपालिकाको स्व-मूल्यांकन (लिजा), र वित्तीय मूल्यांकन मा उत्कृष्ट नतिजा ल्याउन सफल भएको ।
- १४ वटा गाउँसभा तथा ४६ वटा कार्यपालिका बैठक सर्वसम्मत रुपमा सम्पन्न भएको । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहलाई प्रदान गरिएको एकल अधिकारहरुको कार्यान्वयनका लागि ३७ वटा ऐन, ८ वटा निमयावली, ७० वटा कार्यविधि ११ निर्देशिका र १ वटा मापदण्ड सहित १२७ वटा कानून तर्जुमा गरिएको ।
- व्यवसायिक कृषि तथा पशुपालनको माध्यमबाट गाउँवासीहरुको आर्थिक उत्थानका लागि योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वन गरिएको ।
- गाउँपालिकालाई सडक सञ्जाल सँग जोड्न कर्णाली नदीमा फेरि संचालनमा निरन्तता दिइएको छ ।
- गाउँपालिकामा रहेको १० शैंयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ ।
- पोषण सुधारका लागि आमा पहिलो कार्यक्रम लागु गरिएको छ ।
- विद्यालय शैक्षिक सुधारका लागि विभिन्न विद्यालयहरुमा हाल सम्म ३२ कोठा पक्की भवन निमार्ण गरिएका छन् र ३८ कोठा पक्कि बन्ने क्रममा छन् र धैरै विद्यालयमा खेल मैदान घेरवार फलफूल तरकारी खेतीको विकास गरिएको छ ।
- विभिन्न ठाउँहरूमा गरी हाल सम्म २८ किलोमिटर सडक थप निर्माण गरिएको छ ।

## १. भौतिक पूर्वाधार विकास:

- **सडक निर्माण:**

➢ सूईजिउला देखि फयालगाउँसम्मको रातापाखा रुडी सडक खण्डको ४ कि.मि. सडक ट्रयाक खोलिएको छ।
➢ विभिन्न सडक गरी जम्मा ३२ कि.मि. सडक निर्माण र ४२ किलोमिटर सडक मर्मत तथा सुधार गरिएको छ।

- **सडक पहुँच:**

➢ गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ।
➢ गाउँपालिकालाई सडक सञ्जालसँग जोड्न कर्णाली नदीमा फेरी सञ्चालनमा निरन्तरता दिइएको छ।
➢ अन्य गाउँपालिका तथा प्रमुख राजमार्गसम्मको सडक पहुँच विस्तार गर्ने क्रम जारी छ।

- **पुल निर्माण (टेन्डर/निर्माणाधीन):**

➢ वडा नं. ०२ र जगन्नाथ गाउँपालिकाको बेर्मा जोड्ने झोलुङ्गे पुल निर्माण सम्पन्न भई अविलम्व सञ्चालनमा ल्याइनेछ।
➢ गाउँपालिकाको केन्द्र देखि भैरबनाथ जुकोटसम्मको सडक स्तरोन्नति कार्य सम्पन्न भई सञ्चालनमा आएको छ।

- **भवन, आवास तथा सहरी विकास :**

➢ यस गाउँपालिकाका विभिन्न वडाका विद्यालयहरुमा ३२ कोठा पक्की भवन निर्माण भई सञ्चालनमा आएका छन्।

## २. शिक्षा:

- बालबालिकाहरुलाई **"विद्यालय ल्याउने, सिकाउने र टिकाउने"** को नीति अनुरुप कार्यान्वयनमा ल्याइएको छ। स्थानीय इतिहास , भूगोल, कला, साहित्य, रहनसहन संस्कृति आदि विषयको जानकारी र गाउँपालिका प्रतिको अपनत्वभाव विकास गर्न **स्वामीकार्तिक दर्पण नामक स्थानीय पाठ्यक्रम** सबै विद्यालयमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको।
- **निःशुल्क शिक्षा:** माध्यामिक शिक्षा (कक्षा १-१२) सम्म निःशुल्क पठनपाठनको व्यवस्था गरिएको छ।
- यस गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा पक्की भवनहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

## ३. स्वास्थ्य:

- **अस्पताल निर्माण:** १० शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ।

- पालिकालाई पूर्ण खोपयुक्त र दिगोपना सुनिश्चतता घोषणा गरिएको छ ।
- थप स्वास्थ्य संस्था जोरु वडा नं १ मा सामुदायिक स्वास्थय केन्द्र संचालनमा ल्याईएको छ ।
- सुत्केरी तथा आकस्मिक बिरामीका लागि निःशुल्क एम्बुलेन्स सेवा नियमित सञ्चालनमा छ ।

**४. कृषि तथा पशुपन्छी:**

- **बाली प्रवर्द्धन:** रैथाने बाली प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम GIZ/Grape/RERAS परियोजनासँगको सहकार्यमा सञ्चालनमा ल्याइएको छ ।
- **नर्सरी स्थापना:** स्याउ नर्सरी (फर्मको) स्थापना गरिएको छ ।
- **बिक्री केन्द्र:** आ.व. २०८०/०८१ देखि सञ्चालनमा रहेको नुन तथा चामल बिक्री केन्द्र निरन्तर सञ्चालनमा रहि आएको छ ।
- **पेन्सन कार्यक्रम:** योगदानमा आधारित कृषि पेन्सन कार्यक्रम सञ्चालनमा निरनतरता दिइएकोछ ।
- **भण्डारण सुविधा:** स्याउ भण्डारणका लागि ५ वटै वडामा १४ वटा सेलार स्टोर निर्माण गरिएको छ।
- **बजारीकरण:** स्थानीय उत्पादनलाई बजारीकरण गर्न कृषि हाटबजार सञ्चालनमा ल्याइएको छ ।
- गाउँपालिका बाट सञ्चालनमा रहेको भेडा फर्मबाट आम्दानी हुन थालेको र भेडाहरुको संख्यमा समेत बृद्धि भएको छ ।

**५. सिंचाई:**

- **आयोजना कार्यान्वयन:** ढिकुरी सिँचाइ कुलो, रुडी सिँचाइ कुलो ,वाई सिँचाइ कुलो, कोट कुलो लगायतका विभिन्न साना ठूला सिँचाइ कुलोहरू र सिँचाइ टकीहरु निर्माण यसै आ.व.भित्र सम्पन्न भएका छन् जसले आगामी दिनमा उत्पादनमा बृद्धि भएको हुनेछ ।

**६. रोजगारी तथा आयआर्जन:**

- **सीप विकास:** रोजगारी सिर्जना गर्न श्रम शक्तिको लागत तयार गरी विभिन्न सीपमूलक तालिम/ कार्यक्रम सञ्चालन गरिएको छ ।

**७. सुशासन र संस्थागत विकास:**

- **कानुन तथा कार्यविधि निर्माण:** ३७ वटा ऐन, ८ नियमावली, ७० कार्यविधि, र ११ निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।
- **नागरिक सेवा प्रवाह:** गाउँपालिकाको कार्यालयमा नागरिक सेवाका लागि हेल्पडेस्क (नागरिक सहायता कक्ष) स्थापना गरिएको छ ।
- **सूचना प्रविधि प्रयोग:** सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोगको थालनी भएको छ ।
- **राजस्व वृद्धि:** राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजस्व स्रोतको दायरामा वृद्धि भएको छ ।

- **राजस्व संकलन:** चालु आ.वको अन्त्य सम्ममा रु. ३० लाख ७० हजार राजस्व संकलन हुनेछ ।
- **संस्थागत क्षमता मूल्याङ्कन:** गत आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८७.५ अंक प्राप्त गरेको छ ।
- **मेलमिलाप सेवा:** मेलमिलाप केन्द्रका मेलमिलाप कर्तालाई तालिम सञ्चालन पश्चात मेलमिलाप कार्य निरन्तर भईरहेको छ ।

**८. विपद् व्यवस्थापन र आवास:**

- **आवास निर्माण:** १५६ घरधुरी खरमुक्त भएका छन भने १४४ घरधुरी खर मुक्त हुने क्रममा छन् ।
- **पुनर्निर्माण:** २१ घर पुनर्निर्माण भई भुक्तानी भएको र ८५ घरको दोस्रो किस्ता निकासा हुने अवस्थामा रहेको छ ।

**९. खेलकुद:**

- **प्रतियोगिता आयोजना:** गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डको सफल आयोजना गरी सम्पन्न गरियो ।
- **खेलाडी प्रोत्साहन:** जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पदक हासिल गर्ने खेलाडीलाई सम्मानसहित नगद पुरस्कार प्रदान गरियो ।

**१०. सामाजिक समावेशीकरण:**

- **सहभागिता वृद्धि:** विकासका विभिन्न क्षेत्रमा समानुपातिक सहभागितासहित महिला तथा युवाहरूको संलग्नता बढेको छ ।

**आगामी आ.व. २०८२/०८३ को प्रमुख नीति तथा कार्यक्रमहरू**

**सभा सदस्य ज्यूहरु,**
अब म आ.व.२०८२/०८३ विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

- **स्थानीय पाठ्यक्रम:** बालबालिकाहरुलाई **"विद्यालय ल्याउने, सिकाउने र टिकाउने"** को नीतिलाई निरन्तरता दिइनेछ । स्थानीय इतिहास , भूगोल, कला, साहित्य,रहन सहन संस्कृति आदि विषयको जानकारी र गाउँपालिकाप्रतिको अपनत्वभाव विकास गर्न स्थानीय पाठ्यक्रम **स्वामीकार्तिक दर्पण** सबै विद्यालयमा पूर्ण रुपमा कार्यान्वयनलाई यस आ.व. मा पनि निरन्तरता दिईनेछ ।
- सामुदायिक विद्यालयहरूमा शिक्षक-विद्यार्थी अनुपात र विषयका [illegible] शिक्षक दरबन्दी मिलान गर्ने नीति लिईनेछ ।

- **"उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान"** भन्ने लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी शैक्षिक संस्थाहरूसँग सहकार्य र साझेदारी गरिनेछ।
- सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
- **'एक मा.वि. एक करेसाबारी , विद्यालय हरियाली'** कार्यक्रम लागू गरिनेछ।
- विद्यालयका भौतिक संरचना र खेलकुद मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ।
- माध्यामिक विद्यालयमा भौतिक संरचनाको सुरक्षाका लागि चौकीदारलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयबाट SEE र १२ कक्षाका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विद्यालयका कक्षा कोठाको भौतिक व्यवस्थापनका लागि **अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** अनुदानको व्यवस्था गरिनेछ।
- शिक्षक तथा कर्मचारीको कार्यसम्पादनका आधारमा कर्तव्यनिष्ठ, इमान्दार र नियमित शिक्षक र उत्कृष्ट विद्यालयलाई **"मैना जोशी अक्षयकोष"** बाट पुरस्कृत गरिनेछ।
- उत्कृष्ट दलित छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- **"हाम्रो विद्यालय राम्रो विद्यालय"** मूल नाराका साथ नमुना विद्यालय छनोट गरी कार्यक्रम लागू गरिनेछ।
- विद्यालय सुधार योजना बनाई ग्रेडिङ्ग गरी शिक्षक डायरी लागू गरिनेछ र अध्यापन कार्यलाई प्रभावकारी गर्न नियमित अनुगमन गर्ने नीति लिइनेछ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनमा आधारित बनाउँदै व्यवस्थित रुपमा संचालन गर्न सबै विद्यालयहरूमा सुविधा युक्त भान्सा घर र चुलो निर्माण कार्य सम्पन्न गरिनेछ।
- पालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक, विद्यार्थी र भौतिक अवस्थाको सम्पूर्ण तथ्याङ्कको व्यवस्थापनका लागि एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई व्यवस्थित गरी सोका आधारमा विद्यालय अनुदान वितरण प्रक्रिया प्रारम्भ गरिनेछ।
- शैक्षिक क्यालेन्डर, शिक्षक डायरी, शिक्षक झोला र कक्षा १-३ को निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन विद्यार्थी मूल्याङ्कन अभिलेख पुस्तिका छपाई वितरण कार्य गरिनेछ।
- लोकसेवा निकाल्ने नागरिकहरुलाई खरिदार ५० हजार नायव सुब्बा १ लाख ५० हजार र अधिकृत २ लाख ५० हजार नगद दिएर पुरस्कृत गरिने छ।
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याईनेछ।
- विद्यायमा अध्ययनरत सम्पूर्ण वालबालिकाहरुको नियमित स्वास्थ्य परिक्षण गरिनेछ।
- खानेपानीको समस्या रहेका विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।
- विद्यालयको भौतिक पूर्वाधारको समस्यालाई समाधान गर्न संघ र प्रदेश सरकार सँग भवन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ।

**ख. स्वास्थ्य**

- नागरिकहरूलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह, क्यान्सर जस्ता रोगको निःशुल्क जाँच र प्राथमिक उपचारको प्रबन्ध मिलाइनेछ, साथै संघीय कार्यविधि अनुसार मासिक वृत्ति रकम उपलब्ध गराइनेछ।

- सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- आर्थिक रुपमा अति विपन्न जेष्ठ नागरिक, असक्त, अपाङ्ग र सुत्केरीको स्वास्थ्य जाँच र उपचारका लागि एम्बुलेन्स सेवा प्रबन्धलाई निरन्तरता दिइनेछ।
- आर्थिक रुपमा विपन्न र दीर्घरोगी नागरिकलाई निःशुल्क औषधी उपचार खर्चको व्यवस्था गरिनेछ ।
- पालिका स्तरको आयुर्वेदिक सेवा केन्द्रलाई स्तरोन्नति गरी सेवा विस्तार गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य चौकीहरूमा ल्याब सेवा प्रभावकारी बनाउने व्यवस्था गरिनेछ ।
- **"सुत्केरी आमा सँग उपाध्यक्ष कोसेली कार्यक्रम"** लाई निरन्तरता दिंदै स्वास्थ्य संस्था र वर्थिङ्ग सेन्टरमा नियमित गर्भजाँच र प्रसूति गराउने स्वयसेवी अमालाई एकमुष्ट रु ५०० नगद प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुत्केरी महिला र दुर्घटनामा परेका बिरामीलाई एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।
- ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरू राज्यले प्रदान गर्ने स्वास्थ्य बिमालाई प्रवाभकारी रुपमा बिमित गरिने छ ।
- **मृतक परिवार सग अध्यक्ष शान्तना कार्यक्रमलाई** निरन्तरता दिइने छ ।
- गाउँपालिकाबासीको उपचारका लागि ललितपुरको HRDC, बयालपाटा अस्पताल अछाम, जिल्ला अस्पताल बाजुरा, प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी, काठमाण्डौ मेडिकल कलेज लगायत देशका अन्य स्वास्थ्य संस्थासँग साझेदारी, समन्वय र सहयोग गर्ने नीति लिइनेछ ।

## ग. खानेपानी, सिँचाई तथा सरसफाई

- खानेपानीको समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उपलब्धता तथा वितरणको व्यवस्था मिलाइनेछ।
- **एक घर, एक धारा र एक शौचालयको** नीतिलाई निरन्तरता दिइएको छ।
- गाउँपालिका भित्र रहेका पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरूको संरक्षण गर्ने नीति लिइनेछ।
- **'कृषिको आधार, सिंचाइमा सुधार'** अभियानलाई सार्थक बनाउन गाउँपालिका भित्रका सिँचाइ आयोजनाहरूको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनमा उपभोक्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ।
- वाई लिफट सिँचाई योजनामा बत्ती जडान गरी छिटो सञ्चालनमा ल्याइनेछ ।
- गा.पा.मा खानेपानी प्राबिधिकको व्यबस्था गरिनेछ ।

## घ. संस्कृति

- गाउँपालिका भित्र विद्यमान रहेका विविध जातीय भेषभूषा, रहनसहन, कला साहित्य, सङ्गीत, लोक भाकाहरूको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाको प्राचीन मानव जनजीवन दर्शाउने भेषभूषा र प्राचीन सभ्यता झल्किने पुरातात्विक वस्तुहरूको संरक्षण गर्ने नीति लिइनेछ।
- प्रमुख देवस्थलहरूलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गरिने नीति लिइनेछ।

- बाजा (दमाहा), दौरा, हुड्को, सनाई, ताल संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- स्थानीय कला, संस्कृति, भेषभूषा जगेर्नाका लागि भिडियो डकुमेन्ट्री बनाइनेछ।
- जेरा देखि साप्पाटा सम्मको विभिन्न धार्मिक कार्यक्रमहरूको संरक्षण तथा सञ्चालनमा सहजिकरण गरिने छ।

## ङ. युवा तथा खेलकुद

- खेलकुदको विकास गर्न विद्यालयका खेल मैदानलाई स्तरोन्नति गरिनुका साथै पालिका स्तरीय खेलकुद मैदान निर्माणमा पहल गरिनेछ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ, साथै जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी भई यस गाउँपालिका अन्तर्गतका विद्यालयका खेलाडीहरूलाई पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- युवा उद्यमशीलता विकासका कार्यक्रमहरू मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइने नीति लिइनेछ।
- युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आत्मरक्षाका लागि सम्पूर्ण विद्यालयका विद्यार्थीलाई तालिम सञ्चालन गरिनेछ।

## च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब र सामाजिक बहिष्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शिल्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी संघीय कार्यविधिले समेट्न नसकेको अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गरी आन्तरिक आयबाट मासिक रु ५०० भत्ताको व्यवस्था गरिनेछ ।
- **"हिंसा मुक्त गाउँपालिकाको अभियान हाम्रो पहिचान"** अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- बालविकास केन्द्रहरूको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- गाउँपालिका भित्र हुने गरेका बाल विवाह, छुवाछुत र छाउपडी जस्ता सामाजिक कुरीतिलाई न्यूनीकरण गर्दै लैजाने नीति लिइनेछ।
- रेडीयो सँग जातिय तथा लैंगिक हिंन्सा तथा भेदभाव कम गर्नका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

- नवप्रवर्तन र उद्यमशीलता प्रर्वद्धन गर्न स्टार्ट अप इकोसिस्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ। यस अन्तर्गत स्थानीय आर्थिक विकास, पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नवउद्यमशीलता प्रवर्द्धन र विशिष्टीकृत वस्तुको उत्पादनलाई जोड दिदै बजारीकरणमा समेटिनेछ ।

## क. कृषि तथा पशुपंक्षी

- फलफूल, तरकारी तथा अन्नबालीहरूको पकेट क्षेत्रहरू पहिचान गरेर सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरूमा व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षी फार्म स्थापना गरी व्यावसायिक तरिकाले लाग्ने युवा व्यवसायीलाई अनुदान सहयोग गर्ने नीति लिइनेछ ।
- **'स्थानीय सरकार, कृषकको सहयोगी'** भन्ने नाराका साथ रैथाने बालीहरूको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणका लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिकामा भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई स्थानीय परिकारहरूको ब्राण्ड तयार गरी सुपथ खाना उपलब्ध गराउने नीति लिइनेछ ।
- गाउँपालिकामा सञ्चालन रहेका स्याउ तथा ओखर लगायत विभिन्न फलफूलको बिरुवा उत्पादन गर्ने नर्सरीलाई प्रोत्साहित गरिनेछ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यवसायीकरण गरिनेछ ।
- भेडा फार्मलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको कृषि उत्पादनलाई प्रवर्धन र बजारीकरण गर्न कृषि एम्बुलेन्स प्रयोगमा ल्याइनेछ ।
- स्थानीय खाद्य उत्पादन संकलन तथा बिक्री वितरण गर्न पाँचै वडामा कोसेली घरको स्थापना गरिनेछ ।
- स्थानीय गुणस्तरीय मदिरा उत्पादन गरी व्यवस्थित बिक्री वितरण गर्न यो आर्थिक वर्षमा एक स्तरीय फार्म स्थापना गरी उत्पादन गरिनेछ।
- स्थानीयमा उत्पादित ढटेलोको तेल उत्पादन गरी बिक्री वितरण गर्न आवश्य नीति लिईनेछ ।
- सबैभन्दा बढी उत्पादन गरी बिक्री गर्ने किसानलाई नगद प्रदान गरी प्रोत्साहन गरिनेछ ।
- स्थानीय गान्टे मुलाको, असुरो र अचार उत्पादन गरी बिक्री वितरण गर्न आवश्यक पहल गरिनेछ ।
- व्यावसायिक फार्म वा व्यवसायीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ। एक सय वोटभन्दा बढी स्याउ लगाउने कृषकलाई प्रतिवोट रु. १० प्रोत्साहन स्वरुप प्रदान गरिनेछ ।
- बाहुनी र कान्तिका कृषकहरुले उत्पादन गरे अनुसार एकमुष्ट पुरस्कार दिइनेछ ।
- कृषि क्षेत्रमा लगानी गर्दा २० प्रतिशत साझेदारी लगानी गर्ने कृषकसँग मात्र कार्यक्रम सञ्चालन नीति लिइनेछ।
- पशुपक्षी तथा  च्याखुरा/कालिज फर्म विकास गर्ने र बनमा चाखुरा, कालिज र अन्य पशुपन्छी शिकार गर्ने जुनसुकै व्यक्तीलाई कानुनी कारबाही गरिनेछ ।
- जलवायू परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै जलवायू अनुकुल तथा उत्थानसिल कृषि प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

- माटो सुधार गर्नको लागि गर्डौला मल र भकारो सुधार गर्नको लागि गैर सरकारी संघ संस्था (RERAS) सँग मिलेर कार्यक्रमको व्यबस्था गरिनेछ ।
- पोषणमा सुधार गर्न एकिकृत घर बगैँचा प्रवर्द्धन कार्यक्रम लाई व्यवस्था गरिनेछ ।
- रैथाने बालिको पकेट क्षेत्र विस्तार गरी उत्पादनमा आधारित प्रोत्साहान अनुदान उपलब्ध गराईनेछ ।
- रैथाने बालिको प्रशोधनको लागि कृषि यान्त्रिकरण औजार अनुदानमा उपलब्ध गराइने छ ।

## ख. उद्योग तथा पर्यटन

- उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरू सडक सञ्जालमा जोड्न सम्भावित सडकको निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरूको प्रवर्द्धन गरिनेछ ।
- मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरूमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न होडिङबोर्ड लगायत सामग्री राखिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको प्रचार प्रसारका लागि डकुमेन्ट्री, ब्रोसरहरू निर्माण गरी प्रसारण र वितरण गरिनेछ ।
- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरूका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
- यसै आ.व. देखि कर्णाली नदिमा रयापटिङ सेवा सचालन गर्ने नीति लिइनेछ ।
- यस गा.पा.को नामाकरण देवि देवताको नाममा भएको हुँदा पर्यटन विकासका लागि विभिन्न देवि देवताहरूको मठ मन्दिरहरू निर्माण तथा मर्मत गर्ने नीति लिइनेछ ।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

- गरिवी निवारण कोषबाट खर्च भएको रकम लेखा जोखा गर्न समूहलाई नै सक्रिय गरी रकम समूहममा ल्याउने नीति लिइने छ ।
- उत्पादनमूलक सहकारीहरूको स्थापना गरिएमा बिउपूँजी लगानीको रूपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका आधारमा अनुदान दिने नीति लिइनेछ ।
- गाउँपालिका भित्र स्थापना हुने कृषि समूह, निजी फार्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।
- सहकारी व्यवसायीलाई प्रवर्द्धन गर्ने कार्यक्रम लागू गर्दै उत्पादन गर्ने सहकारीलाई अनुदान प्रदान गर्ने नीति तथा कार्यक्रम ल्याइनेछ ।
- गाउँपालिकाले सहकारीमा लगानी गरेको रकम के कस्तो क्षेत्रमा लगानी भएकोछ त्यसको एकिन विवरण लिइ व्यवस्थित गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास (सडक, शहरी योजना, बस्ती विकास, आवास तथा पूर्वाधार)

- आवधिक योजना, आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग मागका लागि पहल गरिनेछ।
- गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजना सहित भौतिक विकास गुरुयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्र भू-उपयोगको नीति लागू गर्दै यसै आ.व. बाट जग्गा वर्गीकरण गरिनेछ।
- गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।
- गाउँपालिकाको सिमाना एकिन गरी गाउँपालिका सिमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरूको निर्माण गरिनेछ ।
- गाउँपालिकाको केन्द्र देखि वडा नं. ३ स्थित भैरबनाथ सम्मको ११ कि.मि. सडकलाई यसै आर्थिक वर्षमा ग्रावेल कालोपत्रे सडकमा स्तरोन्नति गरिनेछ। साथै गाउँपालिकाको केन्द्र देखि वडा नं. ४ हुँदै वडा नं. ५ वडा कार्यालय सम्मको १० किलोमिटर सडक यसै आर्थिक वर्षमा ग्रावेल गरीने छ र गाउँपालिका हुदै वडा न १ र २ कार्यलय सम्म सडक स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकाको केन्द्रदेखि वडा नं. १ हुँदै वडा नं. २ को काठकोइराला देखि कालिका विद्यालय सम्मको सडक खण्डलाई यसै आर्थिक वर्षमा ट्र्याक ओपन गरिनेछ ।
- यस गा.पा. को वडा न ४ कार्यालय वाइ देखि गोठी सम्म मोटरबाटो निर्माण गर्ने नीति लिईनेछ ।
- यस गा. पा. को वडा नं. ५ को मिगु देखि रुम्ना काँध मुगु सिमानासम्म यसै बर्ष ट्र्याक खोलिने छ ।
- प्रभावकारी सम्पत्ति व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागू गरिनेछ ।
- सूचना संचार प्रविधिमा नागरिकको पहुच पुर्याउनका लागि टेलिकम टावर निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- दीर्घकालीन लक्ष्यका आयोजनाहरू सञ्चालन गर्नुपूर्व सम्बन्धित विषयविज्ञबाट अध्ययन गराइनेछ ।
- कुवा नाउला देखि महतारबाडा, ठोटा सम्मको सडक निर्माण गरिनेछ ।

## ४. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन

- गाउँपालिकाबाट जारी गरिएका कानुनहरू समयानुकूल परिमार्जन गरिनेछन् ।
- न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरूको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरूको प्रबन्ध मिलाइनेछ ।

- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।
- गाउँसभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरूलाई सङ्ग्रहित गरी स्थानीय कानुन सङ्ग्रह प्रकाशन गरिनेछ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- गाउँपालिकालाई आवश्यक पर्ने विषयगत कानुनहरू निर्माण गरी कार्यान्वयन गर्न मेलमिलापकर्तालाई थप सक्रिय गरिनेछ।
- **"न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो"** भन्ने न्यायको सिद्धान्तलाई अङ्गीकार गर्दै न्यायिक समितिबाट सम्पादन हुने विवाद तथा मुद्दालाई छिटोछरितो र पारदर्शी रुपमा सम्पादन गरिनेछ।

## ५. संस्थागत विकास तथा सुशासन:

- गाउँपालिकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी लागू गरिनेछ।
- स्थानीय तहले आ.व. २०८२/०८३ मा तर्जुमा गरेका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक कार्ययोजना बनाई लागू गरिनेछ।
- कर्मचारीहरूलाई विषयगत क्षमता अभिवृद्धि हुने तालिम र कार्यसम्पादनका आधारमा दण्ड तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाभित्र रहेका स्रोतसाधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरूको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरू समावेश भएको विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) निर्माण गरिनेछ।
- आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौट गर्ने कार्य अगाडि बढाइनेछ।
- वर्षमा २ पटक गाउँपालिका स्तर तथा वडा स्तरमा सार्वजनिक सुनुवाई गरिनेछ।
- गाउँपालिका कार्यालयको मानव संसाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको सीप तथा क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थानहरूमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरू राखिनेछ।
- विपन्न र न्यून आय भएका घरपरिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- **"भोकै रहेकालाई एक छाक मिठो खानु भन्दा जीवनभर बाँच्न पुग्ने सीप सिकाउन नीति"** अवलम्बन गरिनेछ।
- सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।
- सङ्घीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरूसँग आपसी सहकार्य र समन्वयका लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- गाउँपालिकामा कार्यरत कर्मचारीमध्येबाट नियमित, सेवामैत्री व्यवहार, निष्पक्षता, कार्यतत्परता, अनुशासित र लगनशीलताका आधारमा प्रोत्साहन गरिनेछ भने अनुशासनहीन र नियम विपरित कार्य गर्ने कर्मचारीलाई दण्डित गर्ने नीति लिइनेछ।
- आगामी आर्थिक वर्षमा गाउँपालिका भित्र स्वास्थ्य, पशु, कृषि र पञ्जीकरण सम्बन्धी शिविर सञ्चालन गरिनेछ।
- आर्थिक वर्ष २०८२/०८३ देखि कार्यालयमा चाहिने सम्पूर्ण सामग्रीहरूको खरिद कार्य वार्षिक खरिद योजना अनुसार टेन्डर प्रक्रियाद्वारा आपूर्ति गर्ने नीति लिइनेछ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गरिनेछ।
- पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनीकरणका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।
- ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरूको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- **'हरियो वन स्वामीकार्तिकको धन'** भन्ने मूल नाराका साथ सुक्खा डाँडाकाडामा हरियाली बनाउन वृक्षारोपण कार्यक्रमको नीति ल्याइनेछ।
- स्थानीय विपद् प्रतिकार्य योजना निर्माण गरिनेछ।
- स्वामीकार्तिक खापर गाउँपालिका विपद् जोखिममा उच्च भएकोले विपद्का कारण हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न गाउँपालिकामा एक स्थानीय आपत्कालीन केन्द्र र जनशक्तिको व्यवस्था गरिनेछ।
- सामुदायिक वन जंगलमा खेर गएको काठलाई सदुपयोग गरी गाउँपालिकाको आन्तरिक आय आर्जन गर्ने गरी वितरण गर्ने नीति लिइनेछ।
- स्वामीकार्तिक खापर गाँउपालिका बाट अन्य पालिकामा निर्यात गरिने काठबाट प्रति स्वाएर मिटर रु ५ राजश्व संकलन गरिने छ अन्यथा काठ निर्यात गर्न पाइने छैन।

## ७. सूचना तथा सञ्चार

- पत्रकार महासङ्घको सहकार्यमा स्थानीय सञ्चार गृहहरूको सुदृढीकरण गर्दै सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरू सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरूमा सञ्चार संस्थाहरूको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।
- स्थानीय रेडियो वा टेलिभिजन, एफ.एम. सँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" कार्यक्रम प्रसारण सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा दक्ष तथा सक्षम पत्रकार उत्पादन गर्न पत्रकारिता सम्बन्धी तालिम सञ्चालन गर्ने नीति गरिनेछ ।
- विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइ प्रतिस्पर्धाका आधारमा सार्वजनिक सूचना प्रदान गरिनेछ ।
- नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।
- गाउँपालिका विषयमा धार्मिक, सांस्कृतिक, मानव जनजीवनका विषयवस्तुमा खोज पत्रकारिताका लेखहरू लेख्ने पत्रकारलाई पुरस्कृत गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन

- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजस्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनका लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरू पहिचान गरिनेछ ।
- ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानुनका कारण र उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ ।
- वडाको राजस्व संकलन क्षमताका आधारमा वडालाई बजेट विनियोजन गरिनेछ ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै पक्षको साथ र सहयोग अपरिहार्य छ। यसका लागि नेपाल सरकार तथा प्रदेश सरकार, गाउँपालिकामा क्रियाशील राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, संचारमाध्यम, बुद्धिजीवी, गैरसरकारी संघसंस्था, आम गाँउपालिकाबासीको ऐक्यवद्धताको अपेक्षा गरेको छु। नीति तथा कार्यक्रमको निर्माण एवं स्वामीकार्तिक खापर गाउँपालिकाको समग्र विकासमा योगदान पुर्याउनुहुने गाउँपालिकाबासी दिदीबहिनी, दाजुभाइ, राजनीतिक दल, निजी क्षेत्र,नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम लगायत सबैमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

धन्यवाद !

नमस्कार।

**स्वीकृत गर्ने**
**भरत बहादुर रोकाया**
**गाउँपालिका अध्यक्ष**
**मिति : २०८२/०३/१०**